सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको
सरकारका दुई वर्षको अवधिमा
अर्थ मन्त्रालयबाट सम्पादन भएका

# प्रमुख कार्य तथा उपलब्धिहरु

नेपाल सरकार
अर्थ मन्त्रालय
२०७६ फागुन

# सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको सरकारका दुई वर्षको अवधिमा अर्थ मन्त्रालयबाट सम्पादन भएका

# प्रमुख कार्य तथा उपलब्धिहरू

नेपाल सरकार
अर्थ मन्त्रालय
२०७६ फागुन
www.mof.gov.np

# भूमिका

नेपालीहरुको सार्वभौम नागरिक अधिकार प्राप्तिका लागि दशकौं लामो संघर्ष र बलिदानबाट हासिल भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अर्थमन्त्रीको जिम्मेवारी मैले सम्हाली रहँदा संघीय शासन प्रणालीलाई संस्थागत गर्ने, वित्तीय संघीयताको सफल कार्यान्वयन गर्ने र जनआकांक्षा पुरा गर्दै "**समृद्ध नेपाल**, **सुखी नेपाली**" को राष्ट्रिय आकांक्षा पुरा गर्नेतर्फ दरिलो कदम चाल्नुपर्ने दायित्व मेरा सामु थिए।

हामीले हासिल गरेको युगान्तकारी राजनीतिक परिवर्तनको प्रतिफल सामाजिक रुपान्तरण र आर्थिक विकास तथा नागरिकको जीवनस्तरमा प्रतिविम्वित हुनुपर्ने, संघीयता कार्यान्वयनबाट छोटो अवधिमै सुशासन, विकास र समृद्धिको दरिलो आधारशिला तयार गर्नुपर्ने र यसकै जगमा उभिएर सामाजिक न्याय एवम् उच्च आर्थिक वृद्धि सहितको समाजवाद उन्मुख राष्ट्रको रुपमा देशलाई अघि बढाउने गरी आर्थिक नीति, कार्यक्रम तथा बजेट केन्द्रीत गर्नुपर्ने जिम्मेवारी अर्थमन्त्रीमा थिए।

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको सरकारले दुई वर्षको अवधिमा राज्य पुनर्संरचनाका कानूनी आधार, संगठन संरचना, संघीय वित्त प्रणाली तथा कार्य सञ्चालन विधि निर्माण र कर्मचारी समायोजन गर्ने कार्य सम्पन्न गरी संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धितर्फ अघि बढ्ने मार्ग प्रशस्त गरेको छ। संवैधानिक व्यवस्था अनुसार नागरिकका मौलिक हक

र अधिकार सम्बन्धी मूलभूत कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। लगानीमैत्री कानून र संरचना तयार गरेको छ। गरिवी र पछौटेपनामा रहेका वर्ग तथा क्षेत्र र समुदायको शीघ्र उत्थान, काम र रोजगारीमा वृद्धि, सबैको लागि सामाजिक सुरक्षा, आधारभूत शिक्षा र प्राथमिक स्वास्थ्य सेवामा सबैको पहूँच पुऱ्याउने जस्ता कार्य उल्लेख्य रुपमा अघि बढाएको छ।

हालसम्म प्राप्त राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका उपलव्धिहरुको जगमा उभिएर सवै प्रकारका पछौटेपन तथा आर्थिक सामाजिक विभेदको अन्त्य र चरम गरिबीलाई शुन्यमा पुऱ्याउँदै आधुनिक तथा विकसित नेपाल निर्माणको यात्रा तय गर्नुपर्नेछ। वर्तमान सरकारले निर्माण गरेको विकासको आधार र द्रुत गतिबाट नेपाल अल्पविकसित मुलुकबाट विकासशील हुँदै विकसित राष्ट्रको रुपमा अघि बढ्न सक्ने विश्वास पैदा भएको छ। यस पृष्ठभूमिमा वर्तमान सरकारका विगत दुई वर्षका आर्थिक नीति, कार्यक्रम र शासकीय सुधारका कार्यमा अर्थ मन्त्रालय मार्फत भएका काम कारवाहीहरु र त्यसबाट प्राप्त नतिजाहरु सरोकारवाला सबैको जानकारीका लागि यो पुस्तिका प्रकाशन गरिएको छ। यसबाट सरकारका काम कारवाही र हासिल भएका उपलव्धि बारे सवैलाई सुसूचित हुने मौका मिल्नेछ भन्ने मेरो विश्वास छ।

**२०७६ फागुन**

**डा. युवराज खतिवडा**
**अर्थमन्त्री**

# सार संक्षेप

१. विगत लामो समय सम्मको राजनैतिक अस्थिरता, भिन्न भिन्न सिद्धान्त र आर्थिक सोच बोकेका राजनैतिक दलहरुको संयुक्त सरकार तथा देशको आर्थिक प्रणालीबारे स्पष्ट दिशाबोधको अभावमा अर्थतन्त्रको संरचनात्मक परिवर्तन, आर्थिक स्थायित्व एवं आर्थिक नीतिको निरन्तरता रहने अवस्था बनेको थिएन। सरकारको छिटो छिटो परिवर्तनले नीतिको निरन्तरता नहुदा निजी क्षेत्रले लगानीका लागि विश्वस्त वातावरण पाउन सकेको थिएन भने अन्तर्राष्ट्रिय सहयोग पनि तत्कालीन स्रोतको आवश्यकतामा बढी केन्द्रीत रहेको थियो।

२. अत्यधिक बहुमत सहित वर्तमान सरकार गठन भएसँगै राजनैतिक स्थायित्व, एउटै सरकारको निरन्तरता, संघीयताको कार्यान्वयन, संविधानमा उल्लिखित नागरिकको मौलिक हकहरुको प्राप्ति, सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहकार्य र परिपूरक भूमिकाबाट तीव्र आर्थिक वृद्धि, विकासको प्रतिफलको न्यायिक वितरण र नागरिक सुरक्षाका सबै पक्षमा सरकारको अभिभावकत्व रहने सुनिश्चित भएका छन्। यसकै जगमा देशको अर्थतन्त्र तीव्र आर्थिक विकास, सुशासन र समृद्धिको मार्गमा अघि बढेको छ।

३. वर्तमान सरकार गठन भएको दुई वर्षमा कुल गार्हस्थ उत्पादनमा औसत ७ प्रतिशतको वृद्धि सहित देश उच्च आर्थिक वृद्धिको मार्गमा प्रवेश गरेको छ। उच्च आर्थिक वृद्धिसँगै रोजगारीका अवसरहरु थपिएका छन्। मूल्यवृद्धि ५ प्रतिशतको हाराहारीमा मात्र रहेको छ। आयातको भन्दा निर्यातको वृद्धिदर उच्च हुदै लामो समय देखि देशले भोग्दै आएको व्यापार घाटामा सुधार भएको छ। ठूलो व्यापार घाटाको कारण बिग्रन थालेको भुक्तानी सन्तुलन बचत भएको छ भने विदेशी मुद्रा संचिति बढ्न थालेको छ। समग्रमा, देशले समष्टिगत आर्थिक स्थायित्वसँगै द्रुत आर्थिक विकासको मार्ग तय गरेको छ।

४. वर्तमान सरकार गठनका दुई वर्षमा वित्तीय संघीयता कार्यान्वयन, कर तथा खर्च प्रणाली, स्वदेशी तथा विदेशी निजी लगानी, अन्तर्राष्ट्रिय सहायता परिचालन एवं सहकारी र सामुदायिक क्षेत्रको विकास र सुशासनका क्षेत्रमा अर्थ मन्त्रालयका तर्फवाट उल्लेखनीय कार्यहरु भएका छन्। कर प्रणाली प्रगतिशील र पारदर्शी भएको छ भने मूल्य अभिवृद्धि कर लगायतका कर छूट दिने विगतका विकृत अभ्यासहरुको अन्त्य गरिएको छ। सार्वजनिक खर्चमा वित्तीय उत्तरदायित्व कायम गराउने कानूनी प्रबन्ध गरिएको छ। राज्यको असिमित दायित्व बढाउने खर्च प्रणालीको अन्त्य गरिएको छ भने आर्थिक अनुशासन कायम गरिएको छ।

५. सरकारको आर्थिक एवं सार्वजनिक वित्त नीतिको साख बढेसँगै अन्तर्राष्ट्रिय विकास साझेदारहरुबाट उल्लेख्य रुपमा विकास सहायता प्राप्त हुन थालेको छ। यस अवधिमा रू.६७ अर्वको बजेटरी सहायता सहित कुल रू.३ खर्व ३१ अर्व बराबरको विकास सहायता प्रतिवद्धता प्राप्त भएको छ। अन्तर्राष्ट्रिय लगानी सम्मेलन सफलतापूर्वक सम्पन्न भएसँगै २ वर्षको अवधिमा रू.२ खर्ब भन्दा बढीको बाह्य लगानी स्वीकृत भइसकेको छ भने रू.१४ खर्ब भन्दा बढीको लगानी प्रतिवद्धता पनि प्राप्त भएको छ।

६. दुई वर्षको अवधिमा अघि बढाइएका शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रमहरुबाट नागरिक जीवनमा उल्लेख्य सुधार आएको तथ्य विभिन्न सर्भेक्षणहरुबाट प्राप्त भईरहेको छ। चरम गरिबीमा कमी आएसँगै आर्थिक असमानतामा क्रमशः सुधारका संकेतहरु देखिदैछन्। देशको अर्थतन्त्र संबिधानले परिकल्पना गरेको बाटोतर्फ अग्रसर भइरहेको छ।

७. विगत दुई वर्षमा देशको बैंकिङ्ग, वीमा तथा ग्रामीण क्षेत्रमा वित्तीय पहूँच उल्लेख्य रुपमा विस्तार भएको छ। बैकिङ्ग सेवा, वीमा सेवा र स्थानीय तहमा बैंकहरुको उपस्थिति झण्डै दोब्बर भएको छ। वित्तीय तथा सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग ह्वात्तै बढेको छ। नेपालको वित्तीय प्रणाली स्वस्थ र सुदृढ हुँदै गएको छ।

८. देशको द्रुत आर्थिक विकासको जगको रुपमा रहेको भौतिक पूर्वाधार विकासमा सार्वजनिक र निजी क्षेत्रवाट पर्याप्त लगानी जुटाउन सकिएको छ। अन्तर्राष्ट्रिय सहायताबाट राजमार्ग र टनेल, ग्रामीण सडक, बिमानस्थल, रेलवे, जलविद्युत लगायतका क्षेत्रमा लगानी बढाउन सक्ने अवस्था सिर्जना भएको छ भने यस्ता कतिपय क्षेत्रमा थप निजी लगानी समेत परिचालित भएको छ। त्यसैले वर्तमान सरकारको दुई वर्ष समृद्धिका क्रमश: आधार वर्ष र प्रस्थान वर्षका रुपमा रहे भन्न सकिन्छ।

९. अन्तर्राष्ट्रिय दातृ तथा नियमनकारी निकायहरुले नेपालको अर्थतन्त्र र वित्तीय प्रणाली सुदृढ ढंगले अघि बढिरहेको विवरण आफ्ना प्रकाशनहरु मार्फत व्यक्त गरिरहेका छन्। नेपालको व्यवसायिक वातावरणमा उल्लेख्य सुधार भएको तथ्य पनि सार्वजनिक भइरहेको छ।

१०. समष्टिमा, हालसम्मको विकास, सुशासन र समृद्धिको यात्रालाई तीव्रता प्रदान गर्दै सरकार जनआंकाक्षा पुरा गर्ने प्रतिवद्धतामा सफल बन्दै जाने आधारशीला खडा भएको छ। नेपालको अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठा उच्च हुदै उदीयमान समाजबादी मुलुकको रुपमा स्थापित हुदै गएको छ।

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| भूमिका | i |
| सार संक्षेप | iii |
| (क) पृष्ठभूमि | १ |
| (ख) समष्टिगत आर्थिक क्षेत्र | ४ |
| (ग) वित्तीय क्षेत्र | २० |
| (घ) राजस्व प्रणाली | ३४ |
| (ङ) बजेट प्रणाली | ४८ |
| (च) विकास सहायता परिचालन | ५७ |
| (छ) कानून निर्माण | ६२ |
| (ज) अबका चुनौतीहरु | ६३ |
| अनुसूची-१ | ६५ |

# वर्तमान सरकारका दुई वर्षमा अर्थ मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्य तथा उपलब्धिहरु

## (क) पृष्ठभूमि

### १. वर्तमान सरकार गठन हुँदाको अवस्था

१.१ सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको नेतृत्वमा गठित वर्तमान सरकारको अर्थमन्त्रीको हैसियतमा मैले जिम्मेवारी सम्हाल्दा अर्थतन्त्रका अधिकांश पक्ष कमजोर स्थितिमा रहेका थिए। आयातमा आधारित राजस्व र विप्रेषणमा आधारित उपभोगको चक्रमा अर्थतन्त्र रुमल्लिएको थियो। अनौपचारिक अर्थतन्त्रका कारण राजस्वको दायरा संकुचित थियो। बजेट प्रणाली र वित्तीय अनुशासन कमजोर थियो। मुलुकले धान्नै नसक्ने गरी व्यापार घाटा फराकिलो हुँदै विदेशी मुद्रा सञ्चितिमा चाप परेको थियो। शोधनान्तर स्थिति घाटामा थियो। वित्तीय क्षेत्रको पूँजीले आर्थिक वृद्धिलाई अपेक्षित रुपमा सहयोग पुऱ्याउन सकिरहेको थिएन। बाह्य तथा आन्तरिक निजी लगानीको वातावरण असहज थियो भने विकास सहायता र वैदेशिक लगानी परिचालन पनि चुनौतीपूर्ण अवस्थामा थियो।

१.२ वर्तमान सरकारलाई बजेट प्रणाली र विनियोजनका बेथितिहरुको अन्त्य गरी बजेट अनुशासन कायम गर्ने, अनौपचारिक आर्थिक कारोबारलाई व्यवस्थित गर्ने, राजस्व प्रणालीको सुधार मार्फत कर परिपालना बढाउने तथा चुहावट नियन्त्रण गर्ने, राजस्व प्रशासनमा पारदर्शीता र सदाचारिता कायम गर्ने, बाह्य क्षेत्रको कारोबारमा रहेको असन्तुलनलाई सुधार गर्ने, विकास सहायता परिचालन अभिवृद्धि गर्ने, बजेट कार्यान्वयन प्रभावकारी तुल्याउने, पुनर्निर्माणको कार्य सम्पन्न गर्न थप स्रोत जुटाउने, लगानीको वातावरण सुदृढ गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्ने र वित्तीय पहूँच सर्वसुलभ बनाउँदै वित्तीय साधन उत्पादनमुखी बनाउने लगायत चुनौतीहरुका चाङ्ग थिए।

१.३ संघीयता कार्यान्वयन सहज रुपमा अघि बढाउन सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी तुल्याउनु, सामाजिक सुरक्षाको विस्तार गरी आर्थिक क्षेत्रसँग सम्बन्धित मौलिक हकहरुको कार्यान्वयन गर्नु, चरम गरिबी र अभावको अवस्थाबाट नागरिकहरुलाई छिटो मुक्त गर्नु सरकारको प्रमुख दायित्व थियो।

१.४ वित्तीय संघीयता कार्यान्वयनका लागि नितान्त नयाँ संरचनागत, संस्थागत एवम् प्रणालीगत वित्तीय व्यवस्था गरी निर्विवाद ढंगले तीनवटै तहका सरकारमा वित्तीय अधिकार, साधन, स्रोत र जिम्मेवारी सहित सेवाप्रवाहका कार्य अघि बढाउनु पर्ने स्थिति थियो।

१.५ सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा प्राप्तिको आधारशिला निर्माण गर्न सबै प्रकारका पछौटेपनहरुको अन्त्य गर्दै नेपाली नागरिकको जीवनस्तरमा सुधार, सामाजिक न्याय सहितको तीब्र आर्थिक विकास र समुन्नत तथा समृद्ध समाजबाद उन्मुख अर्थतन्त्रको निर्माणको दिशामा मुलुकलाई अघि बढाउनु थियो।

१.६ उपरोक्त पृष्ठभूमिमा मुलुकमा आर्थिक समृद्धि, विकास, स्थायित्व र सुशासन कायम गर्न अर्थ मन्त्रालयले दुई वर्षको अवधिमा सम्पादन गरेका कार्य र हासिल गरेका महत्वपूर्ण उपलब्धिहरु संक्षेपमा प्रस्तुत गरिएको छ।

## (ख) समष्टिगत आर्थिक क्षेत्र

### २. दीगो, फराकिलो र उच्च आर्थिक वृद्धिको आधारशिला निर्माण भएको छ।

२.१ विगत दुई वर्षदेखि उत्पादक शक्तिको विकास, लगानीमैत्री वातावरण निर्माण र शासकीय सुधारको निरन्तर प्रयासले समष्टिगत आर्थिक परिसूचकहरु उत्साहजनक हुँदै गएका छन्। वर्तमान सरकार गठन हुनु अघिको पछिल्लो १० वर्षको अवधिमा (२०७४/७५ सम्मको) औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेकोमा पछिल्लो दुई वर्षमा औसत ७ प्रतिशत कायम भएको छ। यो वृद्धिदर हासिलमा अर्थतन्त्रका सबै आर्थिक क्षेत्र र सबै प्रदेशहरुको महत्वपूर्ण योगदान रहेको छ। अब हामी आर्थिक वृद्धिको आयामिक परिवर्तन (Paradigm Shift) को चरणमा पुगेका छौं। हामी अब ४-५ प्रतिशतको आर्थिक वृद्धिदरबाट ७-८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सक्ने भएका छौं।

२.२ आर्थिक वृद्धिमा आर्थिक क्षेत्रगत र प्रादेशिक सुधार हुँदै गएको छ। क्षेत्रगत रुपमा एक दशकसम्म

कृषिको औसत वृद्धिदर ३ प्रतिशत रहदै आएकोमा पछिल्ला वर्षहरुमा औसत ४ प्रतिशत रहन सकेको छ भने उद्योग क्षेत्रको औसत वृद्धिदर पनि ३ प्रतिशत नै रहेकोमा हाल ९ प्रतिशत पुगेको छ। सेवा क्षेत्रको वृद्धिदर औसत ५.५ प्रतिशतबाट बढेर ७.३ प्रतिशत पुगेको छ। पछिल्ला वर्षहरुमा सबै आर्थिक क्षेत्रहरुको वृद्धिदर ५ प्रतिशतभन्दा माथि र सबै प्रदेशहरुको आर्थिक वृद्धिदर करिब ६ प्रतिशतभन्दा माथि रहन सकेको छ। सबै स्थानीय तहमा भूगोल, जनसंख्या र विकासको अवस्थाका आधारमा समानुपातिक ढंगले राजस्व र वित्तीय हस्तान्तरणको विधि अपनाइएका कारण स्थानीय तहमा समेत लगभग समान ढंगबाट आर्थिक क्रियाकलाप विस्तार भएको छ। आर्थिक असमानता र क्षेत्रीय असन्तुलन घट्दै गएको छ। विकासको जग तलैबाट उठ्ने गरी स्थानीय तहलाई आर्थिक क्रियाकलाप बिस्तारमा क्रियाशिल बनाउन सकिएको छ।

२.३ आर्थिक वृद्धिका लागि कृषि माथिको अत्यधिक निर्भरता घट्दै छ। आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान

झण्डै ३० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा २७ प्रतिशतमा झरेको छ। कृषिको यान्त्रिकीकरण र व्यवसायीकरणमा तीव्रता दिइएको नतिजा कृषकको जीवनस्तरमा सुधार र आयात प्रतिस्थापनमा देखिन थालेको छ।

२.४ उच्च आर्थिक वृद्धिसँगै आन्तरिक बचतमा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०७३/७४ सम्म एक दशकको औसत कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ११ प्रतिशत भन्दा तल रहेकोमा २०७४/७५ मा १५ प्रतिशत र २०७५/७६ मा आइपुग्दा २० प्रतिशत भन्दा बढी रहेको छ। त्यसैगरी कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा दुई वर्ष अघि ४६ प्रतिशत रहेकोमा २०७५/७६ मा ५२ प्रतिशत भन्दा माथि रहेको छ।

२.५ आर्थिक वर्ष २०७३/७४ मा कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको ३१ प्रतिशत रहेकोमा २०७५/७६ मा आइपुग्दा झण्डै ३७ प्रतिशत पुगेको छ।

२.६ उच्च आर्थिक वृद्धिको बाबजुद मुद्रास्फीति नियन्त्रित अवस्थामा रहेको छ। विगत एक दशक (२०७३/७४) सम्मको औसत मुद्रास्फीति दर करिब ९ प्रतिशत रहेकोमा पछिल्ला २ वर्षहरुमा औसत ४.४ प्रतिशतमा सिमित रहेको छ। चालु वर्ष मूल्यमा केही चाप परे पनि वर्तमान सरकार गठन पछिको हालसम्मको समयावधिमा मुद्रास्फीति ६ प्रतिशत भन्दा तल नै रहेको छ।

२.७ यातायात, विद्युत, संचार तथा सूचना प्रविधि पूर्वाधारमा उल्लेख्य विस्तार भएको छ। विदेशी विनिमय संञ्चिति बढेको छ। व्यावसायिक वातावरण सुध्रेको छ। औद्योगिक श्रम सम्बन्धमा सुधार आएको छ। अन्तर्राष्ट्रिय आवद्धता बढेको छ। निजी क्षेत्रको विश्वास बढेको छ। उपर्युक्त सबै कारणले उच्च लगानी र तीव्र आर्थिक वृद्धिको मार्ग प्रशस्त भएको छ।

## ३. नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आएको छ।

३.१ मानव विकासका क्षेत्रमा गरिएको लगानीको प्रतिफल हासिल हुन थालेको छ। नागरिकको

औसत आयु वृद्धि भइरहेको छ। स्वास्थ्य बीमा तथा निःशुल्क स्वास्थ्य सेवाका कारण स्वास्थ्य सम्बन्धी अरु परिसूचकहरुमा पनि सुधार आएको छ। सबै नागरिकमा सरसफाई र खानेपानीको स्रोतमा पहुँच पुग्ने स्थिति बनेको छ। नेपाल खुला दिशामुक्त मुलुक घोषणा भई सकेको छ।

३.२ गरिबीको रेखामुनी रहेका जनसंख्या १९.६ प्रतिशतबाट करिव १७ प्रतिशतमा झरेको अनुमान छ भने भोकमरी पूर्णरुपमा अन्त्य भएको छ। सडक मानव मुक्त समाज निर्माण भइरहेको छ भने टुहुरा, असहाय, अशक्त, वृद्धवृद्धाहरुको राज्यले संरक्षण गर्ने कार्य गरिरहेको छ। श्रम कानूनको कार्यान्वयन र ज्यालामा वृद्धि भएबाट श्रमिकहरुको जीवनस्तर माथि उठेको छ। सामाजिक सुरक्षा भत्ता र निःशुल्क स्वास्थ्य बीमाका कारण ज्येष्ठ नागरिकहरु स्वस्थ्य र सम्मानित जीवन बाँच्न सक्ने भएका छन्। बालबालिका संरक्षण अनुदानबाट गरिब विपन्न परिवारका बालबालिकालाई राज्यले संरक्षण दिएको छ। शिक्षामा समानता, राजनैतिक हैसियतमा वृद्धि र

आर्थिक क्षेत्रमा भएका कार्यक्रमबाट महिलाहरुको जीवनस्तरमा रुपान्तरणकारी प्रगति भएको छ।

३.३ श्रमिकको मासिक ज्याला रु. १० हजारबाट वृद्धि भई रु. १४ हजार भन्दा बढी पुगेको छ। करिब १ लाख ५० हजार श्रमिक सामाजिक सुरक्षाको दायरामा समेटिएका छन्। यो क्रम द्रुत रुपमा अगाडि बढेको छ। यसबाट काम गरेर पनि जीवनको उत्तरार्धमा चरम गरिबीमा रहनुपर्ने अवस्थाको अन्त्य हुने सुनिश्चितता प्रदान गरिएको छ।

३.४ नागरिकमा इन्टरनेटको पहुँच दुई वर्षमा ६१ प्रतिशतबाट करिब ७२ प्रतिशत पुगेको छ। आधुनिक सूचनायुक्त र प्रविधिमैत्री समाज निर्माण भइरहेको छ।

३.५ दुई वर्षमा प्रतिव्यक्ति विद्युत खपत १६४ किलोवाटबाट २६७ किलोवाट पुगेको छ। त्यसैगरी नागरिकमा विद्युतको पहुँच ७६ प्रतिशतबाट बढेर ९० प्रतिशत पुगेको छ। लोडसेडिङ्गको अन्त्यसँगै धुवाँमुक्त चुल्हो र विद्युतीय उपकरणको प्रयोग गर्ने सामर्थ्यता बढेको छ।

३.६ सबैको लागि **सुरक्षित आवास** सुनिश्चित गर्ने नीति अनुरुप यस अवधिमा सरकारी अनुदानबाट जनता आवास, सुरक्षित आवास, मुक्त कमैया तथा हलिया पुनर्स्थापना, विपद् प्रभावित परिवार समेतका लागि करिब १ लाख घर एवं भूकम्प पीडित परिवारहरुका लागि निजी आवास निर्माण अनुदानबाट ६ लाख ८० हजार गरी ७ लाख ८० हजार घर निर्माण भई ३५ लाख व्यक्ति लाभान्वित भएका छन्।

३.७ सबैलाई साक्षर बनाउने नीति अनुरुप ५३ जिल्ला पूर्ण साक्षर भइसकेका छन्।

३.८ हाल ६१ प्रतिशत नेपाली नागरिकको वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा गरी कम्तीमा एक निक्षेप खाता रहेको छ। लघुवित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्था समेत गर्दा कम्तीमा ८० प्रतिशत नागरिकमा बैंकिङ्ग पहुँच पुगेको छ।

३.९ सन् २०१८ को तथ्याङ्कमा मानव विकास सूचकाङ्कमा नेपाल १४९ औं स्थानबाट १४७ औं स्थानमा रहन सफल भएको छ। प्रति व्यक्ति

आयमा भएको वृद्धि र शिक्षा तथा स्वास्थ्यको प्रतिफलबाट सो सूचकाङ्कमा थप सुधार भएको अनुमान छ।

३.१० विश्व भोकमरी सूचकाङ्कमा नेपालको स्थिति सुध्रिएर ७३ औं स्थानमा कायम भएको छ।

३.११ विश्वव्यापी खुशी मापन सूचक (ह्याप्पीनेश इन्डेक्स) मा नेपाल अहिले ३ स्थान माथि उठ्न सकेको छ। केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको सर्भेक्षण अनुसार दुई तिहाई भन्दा बढी व्यक्तिहरु खुशी रहेको र आधा भन्दा बढी जनताले अर्को वर्ष जीवन अझै सुखी हुने धारणा व्यक्त गरेका छन्।

३.१२ विश्व भ्रमण तथा पर्यटनसम्बन्धी सूचक, लैङ्गिक समानता सूचक, आर्थिक-सामाजिक कार्यसम्पादन सूचक, संस्थागत मूल्याङ्कन सम्बन्धी विश्व सूचकमा र विश्व प्रतिस्पर्धा सम्बन्धी सूचकमा नेपालको एक-एक स्थान सुधार भएको छ। यो सँगै नेपाल विश्वको विकासको मानचित्रमा तीव्र विकास भइरहेको छाप पार्न सफल भएको छ।

## ४. पूर्वाधार क्षेत्रमा आर्थिक क्रियाकलाप उत्साहजनक रुपमा अघि बढेको छ।

४.१ दुई वर्षको अवधिमा मात्र विद्युत उत्पादन ३० प्रतिशतले वृद्धि भई १०३१ मेगावाटबाट १३४३ मेगावाट पुगेको छ। आगामी ३ वर्षभित्र कम्तिमा ५ हजार जलविद्युत उत्पादन हुने गरी निर्माण कार्य अघि बढिरहेको छ। विद्युत आपूर्तिको समस्या पूर्ण रुपमा अन्त्य भएको छ।भारतबाट आंशिक रुपमा हुने गरेको विद्युत आयात घट्नुका साथै त्यसतर्फ विद्युत निर्यात समेत हुन थालेकोले खुद विद्युत आयात घटेको छ।

४.२ दुई वर्षको अवधिमा संघीय सरकारको तर्फबाट मात्र कुल ३ हजार ६ सय ४९ कि.मि. कालोपत्रे सडक निर्माण भएको छ। समग्रमा दैनिक औसत ५.१ कि.मि.को दरले सडक कालोपत्रे भइरहेको छ।

४.३ यस अवधिमा ३ सय ६४ पुल निर्माण सम्पन्न भएका छन्।

४.४ आद्योगिक श्रम सम्बन्ध सुमधुर बनेको छ। औद्योगिक क्षेत्रमा बन्द हडताल रोकिएको छ।

औद्योगिक क्षेत्रको लगानीमा उल्लेख्य वृद्धि भएको छ। उद्योगमा विद्युत आपूर्तिको समस्या पूर्ण रुपमा अन्त्य भएको छ।

४.५ पर्यटन पूर्वाधारमा विस्तार भइरहेको छ। सन् २०१७ मा पर्यटक आगमन संख्या प्रतिमहिना औसत ७८ हजार रहेकोमा २०१९ मा मासिक औसत १ लाख पुगेको छ। पर्यटन क्षेत्रको आय औसतमा ११ प्रतिशतले वृद्धि भएको छ।

## ५. व्यापार घाटा लगायत वाह्य क्षेत्र असन्तुलनमा सुधार भएको छ।

५.१ आन्तरिक उत्पादन बढाउन सरकारले अवलम्वन गरेको औद्योगिक तथा कर नीतिको प्रभाव स्वरुप मुलुकले धान्नै नसक्ने गरी लामो समयसम्म निरन्तर वृद्धि भइरहेको आयात क्रमशः घट्न थालेको छ। भूकम्प गएको वर्ष बाहेक विगत एक दशक (२०७३/७४) सम्म आयातको वृद्धि वार्षिक औसत २० प्रतिशत रहेकोमा पछिल्लो दुई वर्षमा क्रमिक सुधार आउदै यो आर्थिक वर्षको पहिलो ८ महिनामा २.६ प्रतिशतले घटेको छ। यस अवधिमा पेट्रोलियम पदार्थ, विद्युतीय ऊर्जा,

सिमेन्ट, धागो, धान-चामल, फलफूल, तरकारी, जीवित जनावर लगायतको आयात उल्लेख्य रुपमा घटेको छ।

५.२ निर्यातमा प्रदान गरिदै आएको अनुदानमा गरिएको वृद्धि र अन्य नीतिगत सुधारका परिणामस्वरुप विगत एक दशक (२०७३/७४) सम्ममा औसत ६ प्रतिशतले मात्र वृद्धि भएको निर्यात वृद्धिको तुलनामा पछिल्ला २ वर्षमा औसत १५ प्रतिशतले वृद्धि भएको छ। यो आर्थिक वर्षको ८ महिनामा २२ प्रतिशत भन्दा बढीले निर्यात वृद्धि भएको छ। पाम तेल, अलैची, दाल, आयुर्वेदिक औषधी, जुटका सामान, छुर्पी, चाँदीका गरगहना र चाउचाउ लगायतका वस्तुहरुको निर्यात उल्लेख्य रुपमा बढेको छ।

५.३ आयातमा भएको न्यूनता र निर्यातमा भएको वृद्धिका कारण व्यापार घाटा कम हुँदै गएको छ। यो आर्थिक वर्षको ८ महिनामा सो घाटा ४.३ प्रतिशतले घटेको छ।

५.४ व्यापार घाटा नियन्त्रण तथा सेवा असन्तुलनमा सुधार भई शोधनान्तर स्थिति बचतमा रहेको छ।

वर्तमान सरकार गठन हुँदा (२०७४ माघमा) रू.१८.३ अर्ब घाटामा रहेको शोधनान्तर स्थिति २०७६ फागनुमा रू.३७.८ अर्बले वचत रहेको छ। शिक्षा, स्वास्थ्य, पर्यटन र मनोरञ्जनतर्फको अनावश्यक बाह्य सेवा भुक्तानी नियन्त्रण हुँदै गएकोले सेवा व्यापार अनुकूल हुने दिशातर्फ उन्मुख भएको छ।

५.५ धान, मकै, माछा, मासु, फलफूल, दूध, सागपात लगायत आधारभूत खाद्यान्न र औषधि, प्लाइउड, सिमेण्ट, विस्कुट, जुत्ता, क्लिङ्कर, चाउचाउ लगायतका करिब दुई दर्जन औद्योगिक वस्तुहरुमा मुलुक आत्मनिर्भर हुँदै गएको छ।

५.६ विदेशी मुद्रा संचितिमा केही समयसम्म चाप परेको भए पनि त्यसमा उल्लेखनीय सुधार हुन थालेको छ। पछिल्लो दुई वर्षमा विदेशी विनिमय संचिति रू.८७ अर्बले थपिई २०७६ फागुनमा रू.११.४ खर्ब पुगेको छ। यो संचितिले १० महिनाको वस्तु आयात धान्न पर्याप्त हुने अवस्था छ। करिब डेढ वर्ष यता विनिमयदरमा स्थायित्व कायम छ भने

समग्र बाह्य क्षेत्र स्थायित्वले लगानी र आर्थिक वृद्धिका लागि बलियो आधार खडा गरेको छ।

## ६. श्रम र रोजगारी व्यवस्थित तथा मर्यादित रुपमा अघि बढेको छ।

६.१ मर्यादित श्रमको अवधारणा अनुरुप सरकारले निजी क्षेत्रमा कार्यरत श्रमिकहरुको न्यूनतम ज्यालामा २५ प्रतिशतले वृद्धि र सामाजिक सुरक्षाका प्रावधानहरु लागू गरे पश्चात् श्रमिकहरुको जीवनस्तरमा सुधार हुन थालेको छ।

६.२ उच्च आर्थिक वृद्धिसँगै वार्षिक करिब ४ लाख रोजगारी सिर्जना भएको अनुमान छ। अन्तर्राष्ट्रिय श्रम संगठनको अध्ययन (२००४-१५) अनुसार नेपालमा श्रमको आर्थिक वृद्धिदर सँगको लचकता ०.५७ छ। अर्थात १ प्रतिशतले आर्थिक वृद्धि हुँदा ०.५७ प्रतिशतले रोजगारी बढ्ने देखिन्छ। त्यसैले ७ प्रतिशतको आर्थिक वृद्धिबाट ४ प्रतिशतले रोजगारी वृद्धि भएको अनुमान गरिएको हो।

६.३ लघुवित्त र सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट स्वरोजगारी बढेको छ। स्वदेशमा रोजगारीका

अवसर बढेसँगै वैदेशिक रोजगारीमा जानेको संख्या घटेको छ। गत एक दशकमा प्रतिवर्ष औसत ४ लाखका दरले नेपाली युवा वैदेशिक रोजगारीमा जाने गरेकोमा गत दुई वर्षमा औसत ३ लाख मात्र विदेश गएका छन्। यो वर्षको ८ महिनासम्ममा थप १ लाख ९४ हजार ब्यक्तिले मात्र वैदेशिक रोजगारीका लागि श्रम स्विकृति लिएका छन्। विप्रेषणमा आधारित अर्थतन्त्र अब क्रमशः आन्तरिक उत्पादन र आयमा आधारित अर्थतन्त्रतर्फ उन्मुख हुन थालेको छ।

६.४ प्रचलित ज्यालादर, तलब, भत्ता लगायतका सुविधामा उल्लेख्य वृद्धिसँगै आधारभूत उपयोगका वस्तुको मूल्य वृद्धिलाई औसत ५ प्रतिशत भित्र सिमित राख्न सकिएकोले श्रमिकको वास्तविक ज्याला वृद्धि भई क्रयशक्तिमा सुधार र गरिब कामदार (Working Poor) को अनुपात घट्दै गएको छ।

## ७. नेपाल विदेशी लगानीको आकर्षक गन्तव्य हुन थालेको छ।

७.१ सरकारले व्यावसायिक सुधार कार्यमा तिब्रता दिनुका साथै नयाँ नीतिगत र कानूनी व्यवस्थामा

सुधार गरेपश्चात् निजी लगानीको आकर्षण थपिएको छ। गतवर्ष सफलतापूर्वक सम्पन्न गरिएको लगानी सम्मेलनको कारण लगानी बोर्ड मार्फत विद्युत (माथिल्लो मर्स्याङ्गदी, मर्स्याङ्गदी बेशी, माथिल्लो त्रिशुली जलविद्युत तथा ग्रीड कनेक्सन), भक्तपुर र पोखरामा होटल, सवारी साधन उत्पादन र झापामा औद्योगिक पार्क सहित ८ विभिन्न आयोजनाहरु निर्माणको लागि रू.२ खर्ब १० अर्ब बराबरको विदेशी लगानी स्वीकृति भएको छ।

७.२ एकीकृत कृषि परियोजना, बाहिरी चक्रपथ विकास, निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल र जलविद्युत (तमोर, सुनकोशी पहिलो र दोश्रो, तल्लो अरुण, पश्चिम सेती र एसआर-६) गरी १४ आयोजनाको लागि रु. १४ खर्बभन्दा बढीको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ।

७.३ दुई दशकदेखि प्रतिक्षा गरिएको सार्वजनिक निजी साझेदारी ऐन कार्यान्वयनमा ल्याइएको छ। विदेशी लगानी आकर्षित गर्ने उद्देश्यले औद्योगिक व्यवसाय ऐन, विशेष आर्थिक क्षेत्र ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन लगायत लगानी सम्बन्धी

एक दर्जन भन्दा बढी ऐन नियमहरु तर्जुमा र परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। लगानीकर्तालाई सहज र द्रुत सेवा प्रदान गर्ने उद्देश्यले एकद्वार सेवा कार्यान्वयनमा ल्याइएको छ। यसको नतिजा लगानीको आकडाबाट देखिन थालेको छ। वर्तमान सरकार गठन हुदाँसम्मको एक वर्षको अवधिमा रू.२१ अर्बको प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता प्राप्त भएकोमा यो दुई वर्षको अवधिमा उद्योग विभाग मार्फत रू.९५ अर्ब बराबरको प्रतिबद्धता प्राप्त भएको छ।

७.४ विदेशी लगानी प्रवाहलाई सहजीकरण गर्न नेपालको क्रेडिट रेटिङ्ग गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

७.५ सरकारले आर्थिक प्रणाली र लगानीको वातावरणमा गरेको सुधारको रफ्तार अन्तर्राष्ट्रिय निकायहरुको प्रतिवेदनमा समेत प्रतिबिम्बित हुन थालेको छ।विश्व बैंकको व्यवसाय सहजीकरण सम्बन्धी सूचाकाङ्क (डुइङ विजनेश इन्डेक्स) मा गत वर्ष नेपाल ११० औं स्थानमा रहेकोमा यो

वर्ष १६ अंकले सुधार आई ९४ औं स्थानमा उक्लिएको छ ।

७.६ भ्रष्टाचार नियन्त्रण र पारदर्शिता सम्बन्धी सूचकाङ्क (करप्सन पर्सेप्सन इन्डेक्स) मा नेपाल ११ स्थानले बढी १२४ औं स्थानबाट ११३ औं स्थानमा पुगेको छ । विधिको शासनको सूचकमा नेपाल २ स्थान माथि उक्लिन सफल भएको छ।

७.७ विश्व शान्ति सूचक (ग्लोबल पीस इन्डेक्स) मा नेपालले यस वर्ष १२ बिन्दुले सुधार गरी १६५ देशमध्ये नेपाल ७६ औं स्थानमा कायम भएको छ ।

## (ग) वित्तीय क्षेत्र

## ८. नागरिकमा वित्तीय पहुँच उल्लेख्य बढेको छ।

८.१ २०७४ माघमा ३७४ स्थानीय तहहरुमा मात्र वाणिज्य बैंकहरुको शाखा रहेकोमा २०७६ फागनुसम्म ७४६ स्थानीय तहमा वाणिज्य बैंकहरुका कम्तिमा एक शाखा पुगेको छ। प्रशासनिक केन्द्रको विवाद नभएका र न्यूनतम भौतिक पूर्वाधार भएका बाँकी सबै स्थानीय

तहहरुमा यसै आर्थिक वर्षभित्र बैंक शाखा पुऱ्याउने तयारी भइरहेको छ।

८.२ दुई वर्ष अघि बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ५७५१ रहेकोमा २०७६ फागनुमा सो संख्या १.७ गुणाले वृद्धि भई ९६४० पुगेको छ। एटीएम संख्या २६३८ बाट ४६ प्रतिशतले बढी ३८६३ पुगेको छ। मोवाइल बैंकिङ्ग प्रयोगकर्ता ३ गुणाले बढी १ करोड नाघेको छ। दुई वर्ष अघि प्रति बैंक शाखा औसत ५०११ ब्यक्तिलाई सेवा प्रदान भएको स्थितिबाट हाल प्रति बैंक शाखा औसत ३०७२ ब्यक्तिलाई सेवा पुगेको छ।

८.३ २०७४ माघमा बैंक निक्षेप खाता संख्या २ करोड १५ लाख रहेकोमा यो दुई वर्षको अवधिमा ४७ प्रतिशतले बढी ३ करोड १७ लाख पुगेको छ। त्यसैगरी, कर्जा खाता संख्या १९ प्रतिशतले वृद्धि भई १२ लाख ६९ हजार बाट १५ लाख १४ हजार पुगेको छ।

८.४ पूँजी बजारतर्फ यो दुई वर्षको अवधिमा थप रू.९४ अर्व बराबरका शेयर र रू.३६ अर्ब बराबरका

संस्थागत ऋणपत्र सूचीकृत भएका छन्। शेयर बजार सुधारोन्मुख एवम् गतिशील बनेको छ।

८.५ करिब २२ प्रतिशत नागरिक सहकारी संस्थामा र १४ प्रतिशत नागरिक लघुवित्त वित्तीय संस्थामा आवद्ध भएका छन्।

८.६ दुई वर्ष अघि १० प्रतिशत भन्दा कम नागरिकमा बीमा सेवाको पहुँच रहेकोमा अहिले करिब २२ प्रतिशत नेपाली नागरिकमा बीमाको पहुँच पुगेको छ। वैदेशिक रोजगारीमा गएका नागरिकको बीमा समेत समावेश गर्दा कम्तिमा २६ प्रतिशत नेपाली नागरिकमा वीमाको पहुँच पुगेको स्थिति छ।

८.७ यस अवधिमा रू.२० अर्ब चुक्ता पूँजी भएको पूर्वाधार विकास बैंकको स्थापना गरी संचालनमा ल्याइएको छ। सबै प्रदेशमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुका प्रादेशिक कार्यालयहरु स्थापना भई सञ्चालनमा आएका छन्।

## ९. व्याजदर थप पारदर्शी र प्रतिस्पर्धी हुँदै गएकोले वचत र लगानी दुबै प्रोत्साहित भएका छन्।

९.१ लगानीका लागि उपलब्ध हुने पूँजीको लागत घट्दै गएको छ। २०७४ माघमा वाणिज्य बैंकहरुको

आधार दर (Base Rate) औसत १०.२ प्रतिशत रहेकोमा २०७६ फागुनमा ९.४ प्रतिशतमा झरेको छ भने निक्षेपको औसत ब्याजदर दुई वर्ष अघि ६.४ प्रतिशत रहेकोमा २०७६ फागनुमा ६.८ प्रतिशत पुगेको छ।

९.२ यसरी आधार दरमा सुधार मार्फत कर्जाको ब्याजदर घट्ने र निक्षेपको ब्याजदर बढ्ने प्रवृतिले कर्जा र निक्षेप बीचको औसत ब्याजदर अन्तर २०७४ माघमा ५.५ प्रतिशत रहेकोमा हाल घटेर ५ प्रतिशतमा सिमित भएको छ।

९.३ बचत तथा ऋण सहकारी संस्थाहरुमा कर्जाको अधिकतम ब्याजदर सीमा निर्धारण गरिएको छ।

## १०. वित्तीय साधन उत्पादनमुखी हुँदै गएको छ।

१०.१ दुई वर्षमा नै वाणिज्य बैंकहरुको कृषि क्षेत्रमा गएको कर्जा रू.१३० अर्बबाट दोब्बर भई २०७६ फागुनमा रू.२६४ अर्ब पुगेको छ भने पर्यटन क्षेत्रमा प्रवाहित कर्जा पनि दोब्बरले बढी रू.६५ अर्बबाट २०७६ फागुनमा रु. १२८ अर्ब पुगेको छ। त्यसैगरी, उर्जा क्षेत्रमा प्रवाहित कर्जा

२.२ गुणाले बढी रू.६२ अर्बबाट रू.१३७ अर्ब पुगेको छ।

१०.२ उत्पादनशील क्षेत्र तथा निर्यातलाई प्रोत्साहित गर्ने उद्देश्यले स्थापित पुनर्कर्जा कोष २०७४ माघमा रू.१०.८ अर्ब भएकोमा यसलाई ४ गुणाले वृद्धि गरी रू.५० अर्ब पुऱ्याउने लक्ष्य अनुरुप २०७६ फागुनसम्म रू.४२.६ अर्ब पुऱ्याई सकिएको छ। सबै प्रदेशहरुमा पुनर्कर्जाको पहुँच सुनिश्चित गरिएको छ।

१०.३ सरकारले उत्पादन र रोजगारी अभिवृद्धि गर्न ९ प्रकारका सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको छ। व्यावसायिक कृषि, शिक्षित र विदेशबाट फर्किएका युवा, महिला उद्यमी, दलित समुदायले परम्परागत व्यवसाय संचालन, उच्च प्राविधिक तथा व्यावसयिक शिक्षा अध्ययन र तालिम र भूकम्प पिडितलाई आवास निर्माणमा समेत प्रदान गरिने यस्तो कर्जामा सरकारले ५ प्रतिशत व्याज अनुदान उपलब्ध गराउने व्यवस्था छ। साथै, यस्तो कर्जाको सुरक्षण र बीमा खर्चमा ७५ प्रतिशत अनुदान दिने नीति अनुसार सरकारले

दुई वर्षमा रू.२.५ अर्ब अनुदान भुक्तानी गरिसकेको छ।

१०.४ कृषि क्षेत्रमा सहुलियतपूर्ण कर्जाको शुरुवात गरे यता २०७४ माघसम्ममा ६ हजार कृषकले यस्तो कर्जा प्राप्त गरेकोमा यो दुई वर्षको अवधिमा सो कर्जा ३.८ गुणाले वृद्धि भई २०७६ फागुनमा झण्डै २३ हजार कृषकले कृषिमा सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन्। यस वाहेक ४ हजार ८ सय व्यक्तिले अन्य प्रकारका सहुलियतपूर्ण कर्जा प्राप्त गरेका छन्।

## ११. वित्तीय क्षेत्र सुदृढ हुँदैछ।

११.१ बैंक तथा वित्तीय संस्थाहरु एकापसमा गाभ्ने र गाभिने नीतिलाई प्रोत्साहित गरिएको कारण दुई वर्षको अवधिमा २७ बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिने वा प्राप्ति गर्ने प्रक्रियाबाट २२ संस्थाहरुको इजाजत खारेज भई ५ संस्था बनेका छन्। ठूला बैंकहरु समेत एक आपसमा गाभिन थालेका छन्।

११.२ वाणिज्य बैंकहरुको खराब कर्जा अनुपात दक्षिण एशियामै सबैभन्दा न्यून रहेको छ। हाल यस्तो

अनुपात १.७ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुको पूँजी पर्याप्तता न्यूनतम ११ प्रतिशत हुनु पर्नेमा २०७६ फागुनमा १२ प्रतिशत भन्दा बढी रहेको छ।

११.३ उत्पादन अभिवृद्धि र रोजगारी सृजना गर्ने उद्धेश्यले सरकारी निकायहरुबाट स्थापित कोषहरु बैंक तथा वित्तीय संस्थाहरु मार्फत सञ्चालन गर्ने नीति अनुरुप ग्रामीण स्वावलम्बन कोषलाई साना किसान विकास लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण गरी सञ्चालनमा ल्याइएको छ।

११.४ सरकार संलग्न वित्तीय संस्थाको कारोबार र मुनाफा आर्जनमा उल्लेख्य सुधार आएको छ। केही वर्ष अघिसम्म ऋणात्मक पूँजी कोष भएका सरकारको स्वामित्वमा रहेका वाणिज्य वैंकहरुले उल्लेख्य मुनाफा आर्जन गर्न थालेका छन्। वीमा कम्पनीहरुको लेखापरीक्षण अद्यावधिक हुदैछ। नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषहरुको कार्य जिम्मेवारी र संरचना परिमार्जनको क्रममा छ। निक्षेप तथा कर्जा

सुरक्षण कोष लगायत अन्य संस्थाहरुको संस्थागत र वित्तीय क्षमता सुदृढ बनाइएको छ।

११.५ बैंक तथा वित्तीय संस्थाहरुमा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (NFRS) लागू गरिएको छ। कर्जा सूचना र सुरक्षित कारोबार ऐन परिमार्जन कार्य अघि बढेको छ।

११.६ अन्तर्राष्ट्रिय जगतमा नेपालको वित्तीय साख अभिवृद्धि गर्न २०७६ माघदेखि ठूला वित्तीय कारोबारको अनुगमन goAML Software मार्फत हुने व्यवस्था गरिएको छ।

११.७ यस अवधिमा वित्तीय संस्थाका पदाधिकारीहरुको लागि आचार संहिता निर्माण, व्याजदर र सेवा शुल्क निर्धारणमा थप पारदर्शीता, लेखा पद्धतिमा सुधार, विद्युतीय प्रविधिको उपयोगमा वृद्धि लगायतका नीतिगत र प्रक्रियागत सुधारले वित्तीय क्षेत्रमा सुशासन पक्ष सुदृढ हुनुको साथै नागरिकमा सेवा गुणस्तर अभिवृद्धि भएको छ।

## १२. भुक्तानी प्रणालीलाई विद्युतीय प्रविधियुक्त बनाई विद्युतीय कारोबारलाई प्रोत्साहित गरिएको छ।

१२.१ भुक्तानी प्रणाली सहज र सरल बनाउनुको साथै कारोवार तत्काल फरफराक गराउने उद्देश्यले वास्तविक समयको भुक्तानी प्रणाली (Real Time Gross Settlement, RTGS) कार्यान्वयनमा ल्याइएको छ। डिजिटल नेपाल फ्रेमवर्कले निर्दिष्ठ गरेका रणनीति अनुरुप आर्थिक कारोबार विद्युतीय माध्यमबाट गर्न Connect IPS, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, QR COde लगायतका विद्युतीय भुक्तानीका उपकरणहरु प्रयोगमा ल्याइएको छ।

१२.२ खानेपानी र विद्युत सेवा शुल्क विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने पद्धतिको शुरुवात गरिएको छ।

१२.३ भुक्तानी प्रणालीमा कार्ड र इन्टरनेटको प्रयोगलाई प्रोत्साहन गर्न विद्युतीय माध्यमबाट गरिने भुक्तानीको सीमा बढाइएको छ।

१२.४ नेशनल पेमेन्ट गेटवेको स्थापना गरी भुक्तानी प्रणालीको फरफारक नेपालमा नै हुने व्यवस्था मिलाउने कार्य अघि बढेको छ।

## १३. वित्तीय क्षेत्रमा कानूनी सुधारले गति लिएको छ।

१३.१ नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नागरिक लगानी कोष ऐन, बीमा ऐन, धितोपत्र बोर्ड ऐन लगायतका वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न ऐनहरु परिमार्जनको लागि संघीय संसदमा पेश गरिएको छ।

१३.२ सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्न भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको छ।

१३.३ नेपालको बैंकिङ्ग क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य र प्रतिस्पर्धी बनाउन वासेल-३ लगायत नियमन तथा सुपरिवेक्षणका क्षेत्रका अन्तर्राष्ट्रिय असल अभ्यासहरु लागू गरिएको छ। सुपरीवेक्षकीय सूचना प्रणाली (Supervisory Inspection System, SIS) संचालनमा ल्याउने तयारी अन्तिम चरणमा पुगेको छ।

१३.४ बैंक तथा वित्तीय संस्थाहरूले रू.५० करोड वा सोभन्दा बढीको कर्जा प्रवाह वा नवीकरण गर्दा क्रेडिट रेटिङ्ग एजेन्सीबाट रेटिङ्ग गर्नुपर्ने व्यवस्था गरिएको छ।

१३.५ साना निक्षेपकर्ताको निक्षेप संरक्षणको सीमा रू.२ लाखबाट वृद्धि गरी रू.३ लाख गरिएको छ।

## १४. लगानीको आवश्यकता परिपूर्ति गर्न थप साधन परिचालनमा जोड दिइएको छ।

१४.१ वाणिज्य बैंकहरुले स्थानीय तहको सञ्चित कोषमा जम्मा भएको रकमको ५० प्रतिशत निक्षेपको रुपमा परिचालन गर्न पाउने व्यवस्था गरिएको छ।

१४.२ बैंक तथा वित्तीय संस्थाहरुले प्राथमिक पूँजीको शतप्रतिशतसम्म दीर्घकालीन ऋणपत्र जारी गर्न पाउने व्यवस्था गरिएको छ।

१४.३ बैंक तथा वित्तीय संस्थाहरुलाई विदेशी संस्थागत निक्षेपकर्ता तथा गैह्रआवासीय नेपालीलाई विदेशी मुद्रामा निक्षेप परिचालन गर्न प्रोत्साहित गरिएको छ। यस्तो निक्षेपको शत प्रतिशतसम्म कर्जा प्रवाह गर्न सकिने व्यवस्थाहरु कार्यान्वयनमा ल्याइएको छ।

१४.४ नेपाली नागरिकले सुनलाई बैंक तथा वित्तीय संस्थामा निक्षेपको रुपमा राख्न पाउने व्यवस्था गरिएको छ।

१४.५ वैक तथा वित्तीय संस्थाहरुले विदेशी संगठित संस्थाहरुबाट ऋण लिन पाउने व्यवस्थाको शुरुवात गरिएको छ। यो व्यवस्थाको कार्यान्वयनबाट हालसम्म १० बैंक तथा वित्तीय संस्थाहरुले झण्डै रू.९ अर्ब ऋण प्राप्त गरिसकेका छन् भने करिव रू.१६ अर्ब ऋण स्वीकृत भई प्राप्त गर्ने चरणमा रहेको छ।

१४.६ सहुलियतपूर्ण कर्जा प्रवाह र दीर्घकालीन ऋणपत्रबाट संकलित रकम कर्जा तथा स्रोत अनुपात गणना गर्दा समावेश गर्नु नपर्ने व्यवस्था गरिएको छ।

१४.७ विदेशी लगानीलाई प्रोत्साहित गर्न हेजिङ्ग सुविधा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

**१५. पूँजी बजारको विकासको लागि कर प्रणालीले प्रोत्साहित गरेको छ।**

१५.१ धितोपत्रको बिक्रीबाट प्राप्त पूँजीगत लाभमा असुल हुँदै आएको पूँजीगत लाभकर ७.५ प्रतिशतबाट घटाई ५ प्रतिशत कायम गरिएको छ।

१५.२ वास्तविक क्षेत्रका कम्पनीलाई धितोपत्र बजारमा सूचिकृत हुन प्रोत्साहित गर्न कर छुटको व्यवस्था गरिएको छ।

१५.३ रू.५० करोड वा सोभन्दा बढी चुक्ता पूँजी भएका प्राईभेट लिमिटेड कम्पनीले पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण भएमा भुक्तानी गर्नुपर्ने आयकरमा केही छुट दिने व्यवस्था गरिएको छ।

१५.४ मनि ट्रान्सफर, पूँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल लगायतका वित्तीय सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरिएको छ।

**१६. पूँजी बजारको दायरा विस्तार हुनुको साथै कारोबार विद्युत्तीकरण भएको छ।**

१६.१ २०७५ कार्तिकदेखि नेप्सेको दोस्रो बजार कारोबार अनलाइन प्रणाली मार्फत शुरु गरिएको छ। सबै जिल्लाहरुबाट आस्वा प्रणाली मार्फत प्राथमिक बजारमा लगानी गर्न सक्ने व्यवस्था गरिएको छ।

१६.२ धितोपत्रको दोस्रो बजारमा थोक कारोबार गर्न रू.५ अर्बको चुक्ता पूँजी भएको स्टक डिलर कम्पनी दर्ता भई शिघ्र सञ्चालनको प्रक्रियामा रहेकोछ। ऋणपत्र बजार विस्तार भएको छ।

१६.३ सर्किट ब्रेकर प्रक्रियामा पुनरावलोकन गरिएको छ। धितोपत्र कारोबारको राफसाफ तथा नामसारी ५ दिनबाट घटाई ३ दिन भित्र हुनु पर्ने व्यवस्था गरिएको छ। धितो राखिएको शेयरको मूल्य २० प्रतिशतसम्म घट्दा मार्जिन कल गर्नुपर्ने व्यवस्था हटाइएको छ।

१६.४ धितोपत्र बजारमा नागरिकको पहूँच अभिवृद्धि गर्न सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्तासम्मको शेयरको लागि आवेदन दिन पाउने व्यवस्था गरिएको छ।

१६.५ धितोपत्र दलाल व्यवसायीहरु मार्फत मार्जिन कारोबारको सुरुवात गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरुले शेयर धितोमा कर्जा प्रदान गर्न सक्ने सीमा प्राथमिक पूँजीको २५ प्रतिशतबाट बढाई ४० प्रतिशत पुऱ्याइएको छ।

१६.६ कम्पनीहरुको क्रेडिट रेटिङ पश्चात् मात्र धितोपत्र सार्वजनिक निष्कासन गर्नु पर्ने व्यवस्था गरिएको छ। स्टार्ट अप, प्राइभेट इक्विटी, भेन्चर क्यापिटल प्रवर्द्धन गर्न वैकल्पिक लगानी कोषको व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

१६.७ यस अवधिमा विशिष्टिकृत लगानी कोष नियमावली, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, सामूहिक लगानी कोष नियमावली, धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियामावली र धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र ब्यापारी) नियमावलीहरु संशोधन गरिएको छ।

## (घ) राजस्व प्रणाली

### १७. करको दायरा र सेवाको पहुँच उल्लेख्य बढेको छ।

१७.१ २०७४ माघसम्ममा स्थायी लेखा नम्बर लिनेको संख्या १६ लाख ९६ हजार रहेकोमा यस अवधिमा यो संख्या झण्डै दोब्बरले बृद्धि भई २०७६ फागुनमा ३२ लाख ७८ हजार पुगेको छ।

१७.२ मूल्य अभिवृद्धि करमा दर्ता हुनेको संख्या २०७४ माघमा १ लाख ६७ हजार रहेकोमा यस अवधिमा डेढ गुणाले बढी २०७६ फागुनमा २ लाख ५६ हजार पुगेको छ।

१७.३ दुई वर्ष अघि अन्तःशुल्कमा ५६ हजार करदाता दर्ता भएकोमा यस अवधिमा ७७ प्रतिशतले वृद्धि भई ९९ हजार पुगेको छ।

१७.४ सेवाग्राहीले जुनसुकै आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिन सकिने व्यवस्था मिलाइएको छ।

१७.५ यस अवधिमा मध्यमस्तरीय करदाता कार्यालय स्थापना गर्नुको साथै २ आन्तरिक राजस्व कार्यालय र ३३ करदाता सेवा कार्यालयहरु थप गरिएको छ। काठमाडौं उपत्यका १३ र उपत्यका वाहिरका ९ गरी २२ करदाता सेवा कार्यालयहरुको स्तरोन्नति गरिएको छ। त्यसैगरी, ७ छोटी भन्सार कार्यालयहरुलाई मूल भन्सार कार्यालयमा स्तरोन्नति गरिएको छ।

## १८. आयातमा आधारित राजस्व प्रणाली आन्तरिक उत्पादनमुखी हुँदै गएको छ।

१८.१ २०७४ माघमा कुल कर राजस्वमा आयातबाट संकलन हुने राजस्वको अंश ४९ प्रतिशत रहेकोमा दुई वर्षको अवधिमा ४५ प्रतिशतमा झरेको छ भने आन्तरिक राजस्वको अंश ५१ प्रतिशतबाट बढी ५५ प्रतिशत पुगेको छ।

१८.२ चालु आर्थिक वर्षको पहिलो ८ महिनामा आयकर गत वर्षको सोही अवधिको तुलनामा २९.३ प्रतिशतले र आन्तरिक मूल्य अभिवृद्धि कर ३६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७४/७५ को पहिलो ६ महिनामा यस्ता करहरुको वृद्धिदर क्रमशः १२.५ प्रतिशत र २१.६ प्रतिशत रहेको थियो।

## १९. राजस्व प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाइएको छ।

१९.१ प्राकृतिक व्यक्तिको आयमा भुक्तानी गर्नुपर्ने १५ प्रतिशत र २५ प्रतिशतको आयकरको दरलाई परिवर्तन गरी १० प्रतिशत, २० प्रतिशत र ३० प्रतिशत गरिएको छ।

१९.२ आय कर छुटको सीमा वृद्धि गरी व्यक्तिको लागि रू.४ लाख र दम्पतिको लागि रू.४ लाख ५० हजार कायम गरिएको छ।

१९.३ मौलिक हकको रुपमा रहेको शिक्षालाई सर्वसुलभ बनाउने उद्देश्यले निजी शैक्षिक संस्थाले तिर्ने शिक्षा सेवा शुल्क खारेज गरिएको छ। सामुदायिक शिक्षण संस्थाहरुले विद्यार्थी ओसारपसार गर्ने प्रयोजनको लागि बस पैठारी गर्दा लाग्ने भन्सार महसुलमा ७५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

१९.४ स्वास्थ्य सेवालाई गुणस्तरीय र पहूँचयोग्य बनाउन विगतदेखि असूल हुदै आएको स्वास्थ्य सेवा कर खारेज गरिएको छ। स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर समेत खारेज गरिएको छ।

१९.५ सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाहरुको करयोग्य आयमा लाग्ने करमा २० प्रतिशतको छुट दिने व्यवस्था गरिएको छ।

१९.६ दुर्घटना र स्वास्थ्य बीमा प्रिमियम भुक्तानी गर्दा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरिएको छ।

१९.७ स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा कर छुट दिने नीतिगत व्यवस्था गरिएको छ।

१९.८ निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने व्यक्तिको आयमा लाग्ने १ प्रतिशत कर हटाइएको छ।

## २०. राजस्व प्रणालीले उत्पादन र रोजगारी सिर्जनालाई प्रोत्साहित गरेको छ।

२०.१ उद्योगहरुलाई उत्पादन र रोजगारीको सिर्जनाको आधारमा आयकर छुटको व्यवस्था गरिएको छ। लघु उद्यम व्यवसायले चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, कपडा उद्योग र दुग्ध पदार्थको कारोवार गर्ने डेरी उद्योगहरुले तिर्नुपर्ने आयकरको दरमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ। महिला उद्यमीहरुबाट संचालन हुने लघु उद्योगमा थप २ वर्ष कर छुटको व्यवस्था गरिएको छ।

२०.२ व्यावसायिक खेती, पशुपंछीपालन र जडिवुटी खेती गर्नेलाई निश्चित मापदण्डको आधारमा कर छुटको

व्यवस्था गरिएको छ। फलफूलका बिरुवा तथा बीउबिजनको आयातमा लाग्ने भन्सार महसुल र कृषि सुधार शुल्कमा छुट तथा सहुलियतको व्यवस्था गरिएको छ।

२०.३ स्वदेशी उत्पादनलाई संरक्षण गर्न कुखुराको मासु, चिया, कफी, आलु चिप्स, केराउ, बदाम लगायत पर्याप्त आन्तरिक उत्पादन सम्भाव्य भएका वस्तुहरुको आयातमा भन्सारदर वृद्धि गरिएको छ।

२०.४ उद्योगले पैठारी गर्ने कच्चा पदार्थको भन्सार महसुल दर सामान्यतया तयारी वस्तुको भन्दा एक तह कम गरिएको छ। उद्योगहरुले विशेष प्रयोजनका लागि यन्त्रउपकरण अस्थायी पैठारी गर्दा महशुल वापतको रकम नगद धरौटी राख्नुपर्ने व्यवस्थाको सट्टा बैंक ग्यारेन्टी राखे पुग्ने व्यवस्था गरिएको छ।

२०.५ निर्यात व्यापार प्रवर्द्धनका लागि आफ्नो उत्पादनको २० प्रतिशत वा रू.१ करोड भन्दा बढी मूल्यको तयारी वस्तु निकासी गर्ने सबै

प्रकारका उद्योगले वण्डेड वेयर हाउसको सुविधा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

२०.६ निर्धारित क्षेत्रका उद्योगहरुले आर्जित नाफा पूँजीकरण गरेमा लाभांश कर नलाग्ने व्यवस्था गरिएको छ।

२०.७ अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित वाइनको उत्पादनमा लाग्ने अन्तःशुल्कमा ८० प्रतिशत छुट हुने व्यवस्था गरिएको छ।

२०.८ गाउँपालिकामा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको आयकरमा पूर्ण छुट दिइएको छ भने नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा सञ्चालित त्यस्ता संस्थाहरुको आयकरमा ७५ प्रतिशतसम्म छुट दिइएको छ।

२०.९ नव प्रवर्तन गर्ने प्रकृतिका व्यवसायलाई करको दायरामा आउन प्रोत्साहित गर्न विगतको कर दायित्व फरफारक गर्ने व्यवस्था मिलाइएको छ।

## २१. कर प्रणाली पारदर्शी र अनुमानयोग्य बनाइएको छ।

२१.१ मूल्य अभिवृद्धि करको स्थापित मान्यता अनुरुप बिक्रीको आधारमा उत्पादक र विक्रेतालाई प्रदान गर्ने गरिएको मूल्य अभिवृद्धि कर फिर्ताको व्यवस्था खारेज गरिएको छ।

२१.२ व्यवसायको वित्तीय विवरण तयार गर्दा र प्रयोग गर्दा बैंक र कर प्रयोजनका लागि छुट्टाछुट्टै विवरण पेश गर्ने विकृतिको अन्त्य गरी वित्तीय विवरणमा एकरुपता ल्याउने पद्धतिको विकास गरिएको छ।

२१.३ बजारमा विल विजक जारी गर्न प्रोत्साहित गर्ने उद्देश्यले उपभोक्ताले विद्युतीय माध्यमबाट भुक्तानी गरेको विलमा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशत फिर्ता दिने व्यवस्था गरिएको छ।

२१.४ करदाताको अभिलेख अद्यावधिक गर्न बायोमेट्रिक दर्ता प्रणाली शुरु गरिएको छ।

२१.५ संयुक्त उपक्रममा संलग्न व्यक्तिलाई कर दायित्व भुक्तानी गर्न ब्यक्तिगत रुपमा पनि जिम्मेवार हुने व्यवस्था गरिएको छ।

२१.६ लगातार ६ महिनासम्म मूल्य अभिवृद्धि करमा क्रेडिट हुने करदातालाई मूल्य अभिवृद्धि कर फिर्ता दिने ब्यवस्थामा परिमार्जन गरी ४ महिनासम्म लगातार क्रेडिट रहेमा नै मूल्य अभिवृद्धि कर फिर्ता दिने ब्यवस्था गरिएकोछ।

२१.७ कर प्रशासन समक्ष पेश गरेको आय विवरणमा त्रुटी भएमा करदाता स्वयंले ३० दिनभित्र सच्याउन पाउने व्यवस्था गरिएको छ।

२१.८ आयातदेखि खुद्रा तहसम्म वस्तुको ओसारपसारमा बिजक र प्रज्ञापनपत्रको दोहोरो प्रयोग हुने सम्भावनाको अन्त्य गर्ने बिक्री तहसम्मका मालवस्तु ढुवानी ट्र्याकिङ्ग गर्ने प्रणालीको (VCTS) शुरुवात गरी यसको प्रभावकारी कार्यान्वयन गरिएको छ।

२१.९ वैदेशिक लगानीलाई प्रोत्साहित गर्न बंगलादेशसँग दोहोरो कर उन्मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता भएको छ भने संयुक्त अधिराज्य बेलायत, मलेशिया र सिंगापुरसँग यस प्रकारको सम्झौता गर्ने प्रक्रियामा रहेको छ।

२१.१० Belt and Road Initiative मा आबद्ध भएका मुलुकहरुबीचको कर प्रशासनबीच आवश्यक समन्वय र प्राविधिक सहयोग आदानप्रदानको लागि स्थापना गरिएको BRITACOM मा नेपाल संस्थापक सदस्य रहेको छ।

२१.११ नेपाल सरकारको तर्फबाट हुने सबै प्रकारको भुक्तानी र रू.१० लाखसम्मको राजस्व संकलन विद्युतीय माध्यमबाट गर्न सकिने व्यवस्था गरिएको छ। बैंकका जुनसुकै शाखाबाट राजस्व बुझाउन सकिने व्यवस्था मिलाइएको छ।

२१.१२ कर छलीको जोखिम घटाउन निश्चित प्रकृतिका कारोबार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बिजक जारी गर्ने व्यवस्था गरिएको छ। हालसम्म ३ हजार ९ सय भन्दा बढी करदाता यो पद्धतिमा समेटिएका छन्।

२१.१३ विकृतिको जडको रुपमा रहेको कर फछ्यौंट आयोग ऐन, २०३३ खारेज गरिएको छ। राजस्व प्रणाली सुदृढ गर्न नेपाल राजस्व परामर्श विकास समिति गठन आदेश, २०७६ स्वीकृत भई नेपाल राजस्व परामर्श विकास समिति गठन प्रक्रियामा

रहेको छ। राजस्व परिचालनमा संलग्न पदाधिकारी र कर्मचारीहरुको सदाचारिता कायम गरिएको छ।

२२. **भन्सार प्रणाली स्वचालित हुने पद्धतिको विकास गरिएको छ।**

२२.१ भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कन यथार्थपरक बनाइएको छ। नेपालमा पहिलो पटक ASYCUDA World मा भन्सार मूल्याङ्कन प्रणालीको विकास गरी भन्सार मूल्याङ्कनलाई स्वचालित बनाईएको छ। हालसम्म प्रमुख १६ भन्सार कार्यालयहरुमा यो व्यवस्था लागू भएको छ। ठूला भन्सार कार्यालयहरुमा Gate entry, Valuation, Bank Guarantee Management, Goods Deposit/ Seizure Management Module जस्ता स्वचालित प्रणालीहरु लागू गरिएको छ।

२२.२ आसिकुडा प्रणाली मार्फत सेवाग्राहीले आफूले आयात र निर्यात गर्न लागेको मालवस्तुको विवरण तथा भन्सारमा पेश गर्नुपर्ने कागजात विद्युतीय माध्यमबाट पेश गर्ने र जाँचपास सम्बन्धी

जानकारी विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

२२.३ भन्सार जाँचपास प्रक्रियाको लागि २४ ठूला भन्सार कार्यालयहरुमा आशिकुडा प्रणाली विस्तार गरिएको छ। यो संगै नेपालको कुल वैदेशिक व्यापारमा ९९.८ प्रतिशत व्यापार आशिकुडा प्रणालीको दायरामा आएको छ। त्यसैगरी, १६ भन्सार कार्यालयहरुमा आईपी क्यामरा मार्फत दैनिक अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

२२.४ लामो समय देखि निर्माणाधीन अवस्थामा रहेका वीरगञ्ज तथा विराटनगरमा एकीकृत जाँच चौकी (ICP) निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ।

२२.५ व्यापार सहजीकरण र ढुवानी लागत एवम् समय कम गर्न कलकत्ता र विशाखापट्टनम बन्दरगाहबाट आयात हुने मालवस्तुमा विद्युतीय मालवस्तु ट्र्याकिङ्ग प्रणाली लागू गरिएको छ। कलकत्ता बन्दरगाहमा विगतमा कायम रहेको भन्सार एजेन्टको व्यवस्था हटाइएको छ।

२२.६ चीनसँग भन्सार सहयोग सम्झौता गरिएको छ। तातोपानीको लार्चामा सुख्खा बन्दरगाह निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ। रसुवाको टिमुरेमा सुख्खा बन्दरगाह निर्माण कार्य द्रुत गतिमा भइरहेको छ।

२२.७ गुणस्तर नखुलेका, कमसल गुणस्तर भएका र मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने मालवस्तुको आयात नियन्त्रण गर्ने नीति लिइएको छ। आयातित वस्तुको प्याकेजिङमा ब्राण्ड, लेवल आदि अनिवार्य रुपमा खुलाउनुपर्ने व्यवस्था गरिएको छ।

२२.८ अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित ४१ निकायहरुको सेवा एकै ठाउँबाट उपलब्ध गराई व्यापार सहजिकरणको लागि Nepal National Single Window प्रणाली विकास गर्ने कार्य प्रारम्भ गरिएको छ।

२२.९ त्रि.वि.भन्सारको जाँचपासमा विद्युतीय उपकरणको प्रयोग बढाउनुको साथै जोखिम न्यूनीकरण गर्न Air Cargo Control Unit (ACCU) स्थापना गरी संचालनमा ल्याइएको छ।

२२.१० भन्सार प्रशासनको कार्यलाई पारदर्शी, प्रविधिमुखी, व्यावसायिक, व्यापार सहजीकरणमैत्री र अन्तर्राष्ट्रियस्तरको बनाउन नयाँ भन्सार विधेयकको मस्यौदा तयार गरि स्वीकृतिको प्रक्रियामा रहेको छ।

२२.११ मालवस्तुको वर्गीकरण र उत्पत्तिको नियम सम्बन्धमा पूर्वादेश दिने व्यवस्थाको शुरुवात गरिएको छ।

## २३. गैरकर राजस्वलाई समसामयिक बनाइएको छ।

२३.१ लामो समयदेखि यथावत रहेका गैरकर राजस्वका दरहरुमा समय सापेक्ष परिमार्जन गरिएको छ।

२३.२ सञ्चित कोषमा जम्मा हुनु पर्ने राजस्व विभिन्न निकायमा कोष खडागरी जम्मा गर्ने प्रवृतिलाई निरुत्साहित गरिएको छ।

२३.३ विगतमा घाटामा रही सरकारलाई दायित्व सिर्जना गर्ने वित्तीय संस्थाहरु सुदृढ भई ती संस्थाबाट सरकारले लाभांश प्राप्त गरेको छ।

## (ङ) बजेट प्रणाली

### २४. बजेट प्रणाली पारदर्शी बनाइएको छ।

२४.१ आयोजनाहरूमा स्रोत सुनिश्चित नभइकनै ठूलो आर्थिक दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य गर्दै निर्दिष्ट समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

२४.२ वित्तीय उत्तरदायित्वलाई संस्थागत गर्न आवश्यक कानूनी व्यवस्था गर्ने दशकौं देखिको प्रयासलाई मूर्तरुप दिँदै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

२४.३ मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई सुदृढ बनाई बजेट तर्जुमा प्रक्रियालाई पूर्ण रूपमा सूचना प्रविधिमा आधारित बनाइएको छ। प्रदेश र स्थानीय तहमा बजेट तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण गर्न, खर्चको लेखाङ्कन, अभिलेखीकरण र एकीकृत विवरण तयार पार्न प्रदेशमा PLMBIS

र स्थानीय तहमा SUTRA कार्यान्वयनमा ल्याइएको छ।

२४.४ मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि भएका कार्यक्रम र आयोजनाहरु विनियोजन ऐन प्रारम्भ भएको दिनदेखि नै स्वतः स्वीकृत हुने व्यवस्था गरिएको छ।

२४.५ बजेट कार्यान्वयनको स्थिति, खर्चको आवश्यकता एवं राजस्व परिचालनको स्थिति समेत विश्लेषण गरेरमात्र आन्तरिक ऋण परिचालन गर्ने परिपाटीको थालनी गरिएको छ। सो अनुसार गत आर्थिक वर्ष बजेटमा तोकिएको लक्ष्य भन्दा कम आन्तरिक ऋण परिचालन गरिएको थियो। सरकारी ऋण व्यवस्थापन गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

**२५. चालू खर्च मितव्ययी बनाउदै पूँजीगत खर्चको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न प्रणालीगत सुधार गरिएको छ।**

२५.१ मौसमी प्रतिकूलताका कारण हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा विनियोजित बजेटमध्ये

आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम अर्को आर्थिक वर्षको आरम्भदेखि नै खर्च गर्न पाउने व्यवस्था मिलाइएको छ।

२५.२ तोक आदेशबाट आयोजना छनौट गर्ने विगतको परिपाटीको अन्य गर्दै राष्ट्रिय आयोजना बैंक मार्फत आयोजना छनौट र प्राथमिकरण गर्ने कार्यको शुरुवात गरिएको छ। आयोजना बैंकको स्वीकृति र मध्यकालिन खर्च संरचनामा समावेश भएका आयोजनाहरु मात्र बजेटमा समावेश हुने प्रणालीको विकास गरिएको छ।

२५.३ विगतदेखि निर्माण आरम्भ भएका तर स्रोतको न्यूनताले गर्दा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरू शिघ्र सम्पन्न गर्न कार्य प्रगतिका आधारमा र रनिङ्ग बिलको आधारमा निकासा दिने व्यवस्था मिलाइएको छ।

२५.४ बजेटमाथि पर्ने निवृत्तभरणको असिमित दायित्व नियन्त्रण गर्न योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरिएको छ।

२५.५ कृषि, सहकारी लगायत अन्य क्षेत्रमा प्रदान गरिने अनुदानको दुरुपयोग नियन्त्रण गर्न अनुदानको

मापदण्ड परिमार्जन कार्य अन्तिम चरणमा रहेको छ।

२५.६ सार्वजनिक खर्चमा मितव्ययिता अपनाउन मितव्ययिता सम्बन्धी नीतिगत मार्गदर्शन र वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइएको छ। कार्यालय भवन, कार्यकक्ष र सवारी साधन उपयोगको मापदण्ड तयार गर्ने कार्य अघि बढेको छ।

२५.७ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापित Action Room मार्फत राष्ट्रिय गौरव र ठूला आयोजनाहरुको अनुगमन गरी कार्य सहजीकरण तथा निर्देशन दिने व्यवस्थाको थालनी भएको छ। मन्त्रालयगत र अन्तर मन्त्रालयगत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन कार्य प्रभावकारी बनाइएको छ।

## २६. लेखा प्रणालीलाई सुदृढ गरी अन्तर्राष्ट्रिय स्तरको बनाइएको छ।

२६.१ लेखा ढाँचामा पुनरावलोकन गरी संघ र प्रदेश सरकारका निकायहरूमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting

Standards, NPSAS) लागू गरिएको छ। सबै केन्द्रीय निकाय र प्रदेश सरकारले सो अनुसारको वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने थालनी भएको छ।

२६.२ तीन तहका सरकारहरूको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड (GFS 2014) अनुरूप हुने गरी आर्थिक संकेत निर्धारण तथा वर्गीकरण गरिएको छ।

२६.३ सबै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी प्रणालीबाट निकासा हुने व्यवस्था गरिएको छ।

२६.४ सबै स्थानीय तहहरूमा Sub-National Treasury Regulatory Application, SuTRA कार्यान्वयनमा ल्याइएकोछ। हालसम्म ७४२ स्थानीय तहहरु यो प्रणालीमा आवद्ध भई सकेका छन्।

२६.५ Treasury Single Account- TSA र Line Ministry Budget Information System- LMBIS लाई एक आपसमा आबद्ध गरि सार्वजनिक खर्चको अनुगमन गर्ने प्रणाली विकास गरिएको छ।

२६.६ सरकारी भुक्तानी प्रणालीमा Electronic Fund Transfer (EFT) लागू भइसकेको छ भने सरकारी राजस्व प्राप्त गर्न Electronic Bill Presentation and Payment (EBPP) को शुरूवात भएको छ।

२६.७ नेपाल सरकार र प्रदेश सरकारहरूको राजस्व संकलनको एकीकृत विवरण तयार पार्न राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) लागू गरिएको छ।

२६.८ कम्प्यूटरमा आधारित सरकारी लेखाङ्कन प्रणाली Computerised Government Accounting System-CGAS नेपाल सरकारका ४१३८ कार्यालय मध्ये २८७६ कार्यालयहरूमा लागू भएको छ।

२६.९ लेखा प्रणाली, आन्तरिक लेखा परीक्षण र नियन्त्रण प्रणालीमा सुधार गरी संघ, प्रदेश र स्थानीय तहको एकीकरण वित्तीय प्रतिवेदन तयार गरिएको छ। आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा तीनै तहको सरकारको एकीकृत आर्थिक विवरण तयार गरी निर्धारित समय भित्रै महालेखा परीक्षकमा पेश भएको छ।

## २७. वित्तीय संघीयता पूर्ण कार्यान्वयन भएको छ।

२७.१ संवैधानिक व्यवस्था अनसार तीनै तहका सरकारहरुका कराधिकार स्पष्ट गर्नुको साथै साझा अधिकार सूचीको कर बाँडफाँट गर्न पारदर्शी सूत्र तथा कार्यविधि निर्धारण गरिएको छ।

२७.२ प्रदेश र स्थानीय तहलाई साधनको न्यायोचित बाँडफाँड गर्न वित्तीय समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानलाई पारदर्शी र सूत्रबद्ध गरी गत वर्षदेखि नै कार्यान्वयमा ल्याइएको छ।

२७.३ बिकास आयोजना कार्यक्रममा देखिएका दोहोरोपना हटाउन तीनै तहका लागि आयोजना बर्गीकरण मापदण्ड कार्यान्वयनमा ल्याइएको छ। प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा पर्ने तर संघबाट संचालित अधुरा विकास आयोजनाहरू आगामी दुई वर्ष भित्र स्रोत सहित पूर्ण रुपमा हस्तान्तरण गरिसक्ने गरी हस्तान्तरणको कार्यमा तिब्रता दिइएको छ।

२७.४ प्रदेश र स्थानीय तहहरुलाई बजेट तर्जुमा र कार्यान्वयन गर्ने कानून, मार्गदर्शन र एकीकृत बजेट तथा सूचना प्रणालीको विकास गरिएको

छ। तीनै तहका सरकारहरुको लागि आन्तरिक नियन्त्रण दिग्दर्शन तर्जुमा गरी लागू गरिएको छ।

२७.५ प्रादेशिक सार्वजनिक खर्च प्रणालीलाई सुदृढ बनाउन प्रादेशिक कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको स्थापना गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको विभाज्य कोषहरू संचालनमा ल्याइएका छन्।

२७.६ अन्तर सरकारी वित्त परिषद्को बैठक आवधिक रुपमा आयोजना गरी अन्तर सरकारी वित्त व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्ने व्यवस्था मिलाइएको छ।

२७.७ राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग गठन भई आयोग मार्फत वित्तीय हस्तान्तरण र कर तथा रोयल्टी बाँडफाँट गर्ने प्रणालीलाई व्यवस्थित गरिएको छ।

**२८. सार्वजनिक संस्थान सञ्चालन व्यवस्था सुदृढ बनाइएको छ।**

२८.१ सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न यस सम्बन्धी विधेयकको मस्यौदा अन्तिम चरणमा पुगेको छ।

२८.२ मुलुकको आवश्यकतासँग सार्वजनिक संस्थानको सञ्चालन व्यवस्थित गर्ने सरकारको नीति अनुरुप यस अवधिमा नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग कम्पनीलाई एकिकृत गरी खाद्य तथा ब्यापार कम्पनी लिमिटेड स्थापना गरिएको छ। त्यसैगरी, द टिम्बर कर्पोरेशन अफ नेपाल र बन पैदावर विकास समिति एक आपसमा गाभी नेपाल बन निगम लिमिटेड स्थापना भएको छ।

२८.३ पूर्वाधार निर्माण आयोजनाहरुको लागि विज्ञ सेवा उपलब्ध गराउन तथा निर्माण कार्यमा ठूला र आधुनिक उपकरणहरुको सहज व्यवस्था गर्न नेपाल पूर्वाधार निर्माण कम्पनी स्थापना गरिएको छ।

२८.४ नागरिकलाई सार्वजनिक यातायात सरल, सहज र पहूँच योग्य बनाउन विभिन्न स्थानमा रेल निर्माण गर्न रेलवे विभाग र जलयातायातको व्यवस्था गर्न पानीजहाज कार्यालयको स्थापना गरिएको छ। सबै प्रकारका यातायात व्यवस्थित गर्न यातायात प्राधिकरण स्थापना गर्ने ऐन अन्तिम चरणमा रहेको छ।

२८.५ फलामको उत्खनन् र प्रशोधन कार्यको लागि नवलपरासीमा धौवादी फलाम कम्पनी स्थापना गरिएको छ।

२८.६ निजीकरण समितिलाई सक्रिय बनाई सबै निजीकृत संस्थानहरुबाट सरकारको दायित्व फरफराक गर्ने कार्य अघि बढेको छ। साथै, निजीकृत संस्थानको सञ्चालन र व्यवस्थापनको विश्लेषण गरी सम्झौता पुनरावलोकन गर्ने प्रकृया आरम्भ गरिएको छ।

## (च) विकास सहायता परिचालन

### २९. विकास सहायता नीति र पद्धतिमा सुधार गरिएको छ।

२९.१ मुलुकमा परिचालन हुने वैदेशिक सहायता व्यवस्थित गर्न अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ यसै अवधिमा तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। प्रदेश र स्थानीय तहमा विकास सहायता परिचालनमा स्पष्टता ल्याउन यस सम्बन्धी मापदण्ड समेत तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ।

२९.२ विकास सहायता परिचालनमा परामर्श खर्च घटाउनुको साथै सम्भव भएसम्म नेपाली परामर्शदातालाई छनौटमा प्राथमिकता दिने व्यवस्था गरिएको छ।

२९.३ वैदेशिक सहायताको गुणस्तर अभिवृद्धि गर्दै लगानीका विभिन्न सम्भावनाहरुलाई उच्चतम उपयोग गर्न सम्मिश्रित वित्त परिचालनको प्रयोगलाई प्रोत्साहित गरिएको छ। एशियाली पूर्वाधार लगानी बैंक र युरोपियन लगानी बैंकबाट प्राप्त हुने सहायता उपर्युक्त विधिमा विद्युत वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजना अघि बढेको छ।

२९.४ कर छुट, प्रवेशाज्ञा, श्रम स्वीकृति तथा कार्य अनुमति प्रदान गर्ने विषयहरु सम्झौतामा नै स्पष्ट हुने व्यवस्था गरिएको छ।

२९.५ गैह्र सहकारी संस्थाहरुले परिचालन गर्ने सबै प्रकारका सहायता र प्राविधिक सहायता पारदर्शी हुने प्रणालीको विकास गरिएको छ।

## ३०. विकास सहायताको उल्लेखनीय अंश बजेटरी सहायता मार्फत परिचालन गर्न सकिएको छ।

३०.१ वर्तमान सरकार गठन पश्चात बजेट प्रणालीको विश्वसनियता कायम गर्न सकिएकोले कुल बैदेशिक सहायताको २० प्रतिशत भन्दा बढी रकम वजेटरी सहायताको रुपमा प्राप्त हुन सकेको छ। यस अवधिमा विश्व बैंक, एशियाली विकास बैंक र युरोपियन यूनियनबाट रू.६७ अर्ब वजेट सहायता प्राप्त भएको छ भने थप रू.४८ अर्ब बरावरको बजेट सहायता प्राप्त हुने प्रक्रियामा रहेको छ।

३०.३ विकास साझेदारवाट उद्यमशिलता विकास र ग्रामिण तथा लघु कर्जा कार्यक्रमको लागि प्राप्त हुने ऋण वित्तीय संस्था मार्फत परिचालन गरी नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने व्यवस्था मिलाईएकोछ।

३०.४ विकास साझेदारक "प्राईभेट सेक्टर विन्डो" वाट वाह्य साधन परिचालन गर्न सहजीकरण गरिएकोछ।

## ३१. उत्पादन र रोजगारी अभिवृद्धि गर्ने तथा ठूला पूर्वाधार आयोजनाहरुमा विकास सहायता केन्द्रित गरिएको छ।

३१.१ यस अवधिमा वैदशिक अनुदान तर्फ रू.१ खर्ब ४ अर्ब र ऋण तर्फ रू.२ खर्ब २७ अर्ब गरी जम्मा रू.३ खर्ब ३१ अर्ब विकास सहायता प्रतिवद्धता प्राप्त भएको छ। यस मध्ये भुकम्प पछिको पुनर्निर्माणको लागि रू.१ खर्ब १८ अर्ब, यातायात पुर्वाधारमा रू.५९ अर्ब, उर्जा क्षेत्रमा रू.३० अर्ब, कृषिमा रू.२३ अर्ब, सिचाई र खानेपानीमा रू.२२ अर्ब, वित्त प्रणाली सुधारमा रू.२१ अर्ब, वित्तीय क्षेत्रमा रू.२३ अर्ब र सामाजिक क्षेत्र तथा मानव विकास लगायतका क्षेत्रमा रू.३५ अर्ब विकास सहायता परिचालन भएको छ।

३१.२ ऊर्जा, हवाई, वित्तीय क्षेत्र सुधार, संरक्षणमा आधारित पर्यटन आयोजना, रणनैतिक सडक विस्तार आयोजना, पूर्व पश्चिम राजमार्ग विस्तार आयोजना, स्थानीय तहको केन्द्र जोड्ने सडक आयोजनाहरु, समृद्धिका लागि वन, ग्रामिण आर्थिक विकास, शहरी पूर्वाधार विकास, प्रदेश नं. २ को

विद्युत वितरण विस्तार लगायतका आयोजनाहरुमा रू.१ खर्ब ९२ अर्ब अन्तर्राष्ट्रिय विकास सहायता परिचालन प्रक्रियामा रहेको छ।

## ३२. अन्तर्राष्ट्रिय मञ्चहरुमा सहभागिता बढेको छ।

३२.१ विश्व बैंकबाट सहयोग लिने राष्ट्रहरुमध्ये IDA 19 Replenishment मा नेपालले दक्षिण एशियाको तर्फबाट प्रतिनिधित्व गरेकोछ। ADB-ADF 13 Replacement मा नेपालले प्रापक देशको तर्फबाट प्रतिनिधित्व गरेकोछ।

३२.२ Global Partnemship for Effective Development Committee (GPEDC) को Steering Committee लाई निरन्तरता दिइएको छ। GPEDC को उच्च स्तरीय बैठकमा एशियाली विकासोन्मुख राष्ट्रको तर्फबाट नेपालले प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेको छ।

३२.४ Climate Finance को विश्वव्यापी कोषमा नेपालको पहुँच स्थापित भएको छ।

३२.५ गत वर्ष सम्पन्न विश्व आर्थिक सम्मेलन, विश्व बैंक मुख्यालयमा नेपाल दिवस, विश्व खाद्य कार्यक्रम र विश्व बैंकको कार्यकारी बैठक लगायतका

अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालको सक्रिय र नेतृत्वदायी सहभागीताले नेपालको तर्फबाट प्रस्तुत भएका विषयहरू विश्वव्यापीरूपमा स्थापित भई नेपालको प्रतिष्ठा र गौरब अभिवृद्धि भएको छ।

## (छ) कानून निर्माण

३३. दुई वर्षको अवधिमा कानून निर्माणमा ऐतिहासिक सफलता हासिल भएको छ। मौलिक हक कार्यान्वयन र वित्तीय संघीयता सम्बन्धी आधारभूत कानून निर्माणले पूर्णता पाएको छ। संघ, प्रदेश र स्थानीय तहको उत्तरदायित्व र जिम्मेवारी बाँडफाँट सुस्पष्ट भएको छ।

३४. लामो समय देखि थन्किएका औद्योगिक ब्यवसाय ऐन, वीमा ऐन, धितोपत्र ऐन, भुक्तानी फर्स्योट ऐन लगायतका कानूनहरुको निर्माणमा सफलता हासिल भएको छ।

३५. अनूसुची-१ मा उल्लेख भए बमोजिम आर्थिक प्रणाली र लगानी सम्बन्धी दर्जनौ कानून निर्माण भई कार्यान्वयनमा ल्याइएको छ।

## (ज) अबका चुनौतीहरु

३६. संविधान प्रदत्त नागरिकका मौलिक हक सुनिश्चित गर्न तर्जूमा गरिएका कानूनहरुको कार्यान्वयनमा राज्यले बहन गर्नु पर्ने ठूलो व्ययभारको दायित्व पूरा गर्न पर्याप्त स्रोत जुटाउनु छ।

३७. संघीयताको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै वित्तीय संघीयता मार्फत विकासलाई तिब्रता दिन प्रदेश र स्थानीय तहमा वित्तीय स्रोत परिचालन सन्तुलन र संस्थागत क्षमता विकास तर्फ जोड दिनुपर्ने छ।

३८. सबै प्रकारका अन्तर्राष्ट्रिय सहयोगलाई बजेट प्रणालीमा ल्याई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गराउनु छ। लगानीको वातावरणमा गरिएको सुधारको प्रतिफल उच्च लगानी मार्फत उच्च आर्थिक वृद्धिमा प्रतिबिम्बित गराउनु छ।

३९. यो दुई वर्षको अवधिमा सार्वजनिक खर्च प्रणालीमा गरिएका कानूनी तथा प्रक्रियागत सुधारहरुलाई संस्थागत गर्दै विकास खर्चको

उपयोग क्षमता बढाउनुको साथै त्यसको उच्च प्रतिफल सुनिश्चित गर्नु छ।

४०. देशले आकस्मिक रुपमा व्यहोर्नु पर्ने बाह्य तथा आन्तरिक धक्का र विपद्को जोखिमबाट सुरक्षित रही दिगो विकासको लक्ष्य प्राप्ति गर्न अर्थतन्त्रलाई अझै सुदृढ बनाउनु पर्ने छ।

# अनुसूची-१

## २०७४ फागुनदेखि हालसम्म संघीयता कार्यान्वयन, आर्थिक प्रणाली, लगानी र वित्तीय क्षेत्रसँग सम्बन्धित नीतिगत प्रबन्ध

### १. ऐनः २०७४ माघ महिनादेखि हालसम्म देहायका ऐनहरु तर्जुमा भई कार्यान्वयन गरिएको छः

- निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) पहिलो संशोधन ऐन, २०७६
- औद्योगिक व्यवसाय ऐन, २०७६
- विशेष आर्थिक क्षेत्र ऐन (पहिलो संशोधन), २०७५

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५
- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५
- सेफगार्ड, एन्टी डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग ऐन, २०७६
- नमूना कानुनहरु क्रमशः प्रदेश तथा स्थानीय तहको कर गैरकर राजस्व ऐन, प्रदेश तथा स्थानीय तहको आर्थिक ऐन, प्रदेश तथा स्थानीय तहको विनियोजन ऐन तथा प्रदेश वित्त व्यवस्थापन ऐन।

२. **संघीय संसदमा विचाराधीन रहेका विधेयकः** अर्थ मन्त्रालयको पहलमा देहायका विधेयक स्वीकृतिका लागि संघीय संसदमा पेश गरिएको छः

- नेपाल राष्ट्र बैंक ऐन संशोधन विधेयक
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन संशोधन विधेयक
- धितोपत्र ऐन संशोधन विधेयक
- बिमा सम्वन्धी विधेयक

- नागरिक लगानी कोष विधेयक
- विदेशी विनिमय व्यवस्थापन विधेयक
- सार्वजनिक ऋण ब्यवस्थापन विधेयक
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐनलाई संशोधन गर्न बनेको विधेयक।

३. **स्वीकृत भएका नियमावलीहरू/नीतिहरूः** देहायका नियमावली तथा नीति स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छः

- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- धितोपत्र दर्ता तथा निष्काशन (तेस्रो संशोधन) नियमावली, २०७६
- सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) (दोस्रो संशोधन) नियमावली, २०७६

- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (तेस्रो संशोधन) नियमावली, २०७६
- औद्योगिक व्यवसाय नियमावली, २०७६
- कर्जा सुरक्षण नियमावली, २०७५
- निवृत्तभरण कोष सम्वन्धी नियमावली, २०७६
- निक्षेप सुरक्षण नियमावली, २०७५
- राजस्व परामर्श विकास समिति गठन आदेश, २०७६
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६

४. **केही नेपाल ऐन संशोधन गर्ने विधेयक मार्फत खारेजः**
अर्थ मन्त्रालयको पहलबाट केही नेपाल ऐन संशोधन गर्ने विधेयक मार्फत देहायका ऐन खारेज गरिएको छः

- कर फछ्र्यौट आयोग ऐन, २०३३
- विदेशी लगानी कर ऐन, २०१९
- घर जग्गा कर ऐन, २०१९

- रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०१९
- सवारी साधन कर ऐन, २०३१
- सम्पत्ति कर ऐन, २०४७

५. **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको बिधेयकः** नेपाल सरकारबाट सहमति प्राप्त भए अनुरुप देहायका विधेयकको मस्यौदा गरी सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको छः

- सार्वजनिक संस्थान संचालन तथा व्यवस्थापन विधेयक
- राजस्व न्यायाधिकरण सम्बन्धी विधेयक

६. **स्वीकृत भएका कार्यविधि/ निर्देशिका/ मापदण्ड/ मार्गदर्शनः** अर्थ मन्त्रालयबाट देहायका कार्यविधि/निर्देशिका/मापदण्ड/मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छः

- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५

- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- राष्ट्रसेवक कर्मचारीहरुको सावधिक बीमा सम्बन्धी कार्यविधि, २०७६
- प्रदेश तथा स्थानीय तहहरुमा विकास सहायता परिचालन सम्वन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तहको संचित कोष संचालन कार्यविधि, २०७४
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यीबिधि, २०७६
- नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- भन्सार ऐन, २०६४ बमोजिम मालवस्तुको वर्गीकरण तथा उत्पति बिषयको पूर्वादेश।